
annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक ३३७ पृष्ठ १० | काठमाडौं, आइतबार ३१ चैत २०८१ | वैशाख कृष्णपक्ष प्रतिपदा, नेपाल संवत् ११४५ | SUNDAY, APRIL 13, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# आउला त यथार्थपरक बजेट ?




मुलुकको अर्थतन्त्र शिथिल छ। बाह्य सूचक सबल देखिए पनि अर्थतन्त्रका आन्तरिक सूचक निकै कमजोर छन्। यस्तो बेला, एमाले-कांग्रेस नेतृत्वको बलियो सरकारले आगामी आर्थिक वर्षको बजेट बनाइरहेको छ। यो बजेटले अर्थतन्त्रलाई कुन दिशामा डोऱ्याउने भन्ने निर्धारण गर्ने छ। त्यसैकारण उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेल 'प्राथमिकतामा आधारित यथार्थपरक' बजेट ल्याउने बताइरहेका छन्। तर, गठबन्धन सरकार, परम्परागत मानसिकता र टुक्रे योजनाको मागले अर्थमन्त्री पौडेल कति सफल हुन्छन्, चासोको विषय छ।

**ममता थापा** | *काठमाडौं*
– को रिपोर्ट

समाचार पृष्ठ २

## जी–२० शिखर सम्मेलनमा ट्रम्प नजाने



**जोहानेसबर्ग** (एजेन्सी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण अफ्रिकामा हुने जी-२० शिखर सम्मेलनमा भाग नलिने बताएका छन्। राष्ट्रपति ट्रम्पले दक्षिण अफ्रिकाले श्वेत विरोधी अपराध गरेको आरोप दोहोऱ्याउँदै सामाजिक सञ्जालमार्फत सम्प्रेषित एक पोस्टमा उक्त देशमा आयोजना हुने जी-२० सम्मेलन बहिस्कार गर्ने बताएका हुन्। उनको यो भनाइले दक्षिण अफ्रिकाको कट्टरपन्थी अफ्रिकन नेसनल पार्टीलाई आक्रोशित बनाएको छ।

दक्षिण अफ्रिकाविरुद्ध नयाँ प्रहार गर्दै अमेरिकी राष्ट्रपति ट्रम्पले शुक्रबार राति आफ्नै लगानीको सामाजिक सञ्जाल ट्रुथ सोसलमा गरेको पोस्टमा 'नरसंहार'मा मारिएका गोरा किसानहरूबाट खेतीयोग्य जमिन जफत गरिएको 'निराधार दाबी' दोहोऱ्याएका हुन्। 'के हामी जी-२० का लागि यहीँ हुन चाहन्छौं? मलाई त्यस्तो लाग्दैन,' उनको पोस्टमा लेखिएको छ।

# कोरलानाका खुल्यो, भएन व्यापार सहज

**सुन्दरकुमार थकाली** | *जोमसोम*



नेपाल-चीन उत्तरी कोरलानाका ०८० कात्तिक २७ गते औपचारिक रूपमा खुला गरियो। कोरलानाका बाह्रै महिना खुला हुने खबरले उपल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका सर्वसाधारण खुसी भए। केही समय तिब्बती भूमि लिग्चेमा पुगेर दैनिक उपभोग्यका सामान किनमेल गर्न थाले। कतिपय व्यापारीले चीनको तिब्बती भूमि लिग्चेबाट सामान आयात गरी मुस्ताङको जोमसोम र जिल्ला बाहिर पनि सामान बिक्री वितरण गर्न थाले। भन्सारको राजस्व संकलनमा पनि सुधार हुँदै गयो। बेरोजगार नागरिक पनि चिनियाँ सामान बेचेर दुई/चार पैसा आयआर्जन गर्न थाले।

तर, कोरलानाका खुलेर हौसिएका उपल्लो मुस्ताङी ५ महिनादेखि निराश छन्। भन्सारबाट व्यापारिक प्रयोजनका सामान ल्याउन रोक लागेपछि सर्वसाधारण चिन्तित छन्। मुस्ताङ भन्सारले घरायसी प्रयोजनबाहेक व्यापारिक प्रयोजनका लागि ठूलो परिमाणमा सामान ल्याउन निषेध गरेको छ। फुटकर रूपमा मात्रै सामान ल्याउन दिने तर व्यापारिक प्रयोजनका लागि सामान ल्याउन रोकेपछि उपल्लो मुस्ताङका साना व्यापारीहरूको आम्दानी सुक्न थालेको छ। नाका खुलेपछि गाउँ छोडेर विदेश जान रोकिएका युवासमेत निराश छन्।

लोमान्थाङ-३ ठिङ्गरका व्यापारी कर्मा सम्टुक गुरुङले कोरलानाका खुले पनि आफूहरूका लागि हर्ष न विस्मात भएको बताए। 'सुरुवाती चरणको एकवर्ष सीमापारी पुगेर सामान ल्याउँथ्यौं। सरकारलाई कर पनि बुझाउने गरेका थियौं', उनले भने, 'खै अहिले त ३ महिना बढी भयो, राजस्व तिरेर सामान ल्याएर बिक्री गर्छुभन्दा पनि पाइँदैन, यो हामी जस्ता निमुखा र साना व्यापारीका लागि निकै ठूलो अन्याय भयो। सामान ल्याएर बिक्री गर्न नपाउने भएपछि हामीहरूका लागि नाका खुलेको के नै अर्थ भयो?'


» बाँकी पृष्ठ ८

## चीनले बनायो विश्वकै पहिलो मेडिकल उद्धार ड्रोन



**बेइजिङ** (एजेन्सी) : चीनले आपतकालीन अवस्थाहरूमा उद्धार कार्यलाई थप प्रभावकारी बनाउन विश्वकै पहिलो अत्याधुनिक मेडिकल ड्रोन सफलतापूर्वक विकास गरेको छ। यस ड्रोनको विकास हैशेन मेडिकल टेक्नोलोजी कम्पनी लिमिटेडले चीन राज्य पोत निर्माण निगमको अन्तर्गतमा चिनियाँ विज्ञान अकादमी तथा अन्य साझेदार संस्थाहरूको सहकार्यमा गरेको हो।

यो विशेष ड्रोनमा रिमोट भिडियो निगरानीजस्ता अत्यावश्यक स्वास्थ्य सेवासम्बन्धी उपकरणहरू जडान गरिएका छन्। कम्पनीका अध्यक्ष तथा प्रमुख इन्जिनियर हुआङ युहङका अनुसार यो ड्रोन उच्च चिसो तापक्रम तथा ५ हजार मिटरको उचाइसम्मका कठिन भूगोलमा समेत प्रभावकारी रूपमा खोज तथा उद्धार कार्य गर्न सक्षम छ। यो ड्रोनको तौल ६०० किलोग्राम छ र यसले ३०० किलोग्रामसम्मको भार बोक्न सक्छ।




# आर्थिक अभाव झेल्दै कर्णालीका 'धार्मिक विद्यालय'

- *विद्यालय चलाउन चन्दा र दानको भर*
- *भौतिक पूर्वाधारको अवस्था नाजुक*
- *शिक्षकलाई तलब खुवाउनै मुस्किल*
- *सिकाइ तथा पाठ्यसामग्रीको अभाव*

**ललितबहादुर बुढा** | *सुर्खेत*



कर्णालीमा सञ्चालित धार्मिक विद्यालयको अस्तित्व संकटमा पर्न थालेको छ। आर्थिक अभावका कारण धार्मिक पद्धतिमा सञ्चालित यहाँका गुरुकुल, गुम्बा र मदरसा संकटमा छन्। चन्दा र दानको भरमा चलिरहेका यी विद्यालयमा हाल शिक्षकलाई तलब खुवाउनै मुस्किल भइरहेको छ।

सरकारी नीति तथा कार्यक्रम र बजेटमा नसमेटिँदा यी विद्यालय आर्थिक अभाव झेल्न बाध्य छन्। हिन्दु धर्मसँग सम्बन्धित गुरुकुल, बौद्ध धर्मसँग सम्बन्धित गुम्बा र मुस्लिम धर्मसँगसम्बन्धित मदरसाले हाल चन्दा मागेर जसोतसो विद्यार्थी पढाइरहेका छन्। बेलाबखत संकलन हुने दानबाट शिक्षकलाई तलब खुवाउने गरिएको छ। चन्दा र दानको भरमा सञ्चालित यी विद्यालयको भौतिक अवस्था पनि नाजुक छ। आर्थिक अभावले कतिपय विद्यालय बन्द भएका छन् भने कतिपयको भविष्य नै संकटमा छ।

कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले कार्यदल बनाएर यस्ता विद्यालयको अध्ययन गरेको छ। कार्यदलले चार महिना लगाएर स्थलगत अध्ययन गरेको छ। अध्ययनको क्रममा धार्मिक विद्यालयहरू संकटमा रहेको, आर्थिक अभाव भोगिरहेको, शिक्षकलाई तलब खुवाउन नसकेको, भौतिक पूर्वाधारको अवस्था जीर्ण रहेको, शिक्षक व्यवस्थापन हुन नसकेको, सिकाइ सामग्रीको अभाव रहेको र कतिपय विद्यालय आर्थिक संकटकै कारण बन्द भएको पाइएको कार्यदलको प्रतिवेदनमा उल्लेख छ। ती विद्यालयमा शौचालय, खानेपानी, खेलमैदान, शैक्षिक सामग्री, पुस्तकालय र प्रयोगशाला नहुँदा विद्यार्थीको सिकाइमा असर परेको कार्यदलले उल्लेख गरेको छ।

शिक्षा विकास निर्देशनालय सुर्खेतका निर्देशक दीपा हमालको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन भएको थियो। कार्यदलमा गुरुकुल, गुम्बा र मदरसाका प्रतिनिधि तथा शिक्षाविद्हरू थिए। कार्यदलका संयोजक दीपा हमाल भन्छिन्, 'धार्मिक विद्यालय चन्दा र दानको भरमा चलेको पाइयो, तीनै तहका सरकारबाट कुनै सम्बोधन भएको पाइएन। दिगो र नियमित आर्थिक स्रोत नहुँदा केही विद्यालय बन्द भएको भेटियो, आर्थिक अभावकै कारण विद्यालयले शिक्षकलाई तलब नै खुवाउन सकेका छैनन्।' आर्थिक अभावमा धार्मिक विद्यालय संकटमा रहेको भन्दै कार्यदलले नीति तथा कार्यक्रम र बजेटमार्फत सम्बोधन गर्न सरकारलाई सुझाव दिएको छ।

कार्यदलमा रहेका मदरसाका प्रतिनिधि अहमद रज्जाले सरकारी सहयोग नपाउँदा धार्मिक विद्यालय बन्द हुने अवस्थामा पुगेको बताए।

» बाँकी पृष्ठ ५